# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं माघ २७ गते ०१ साल

## भाग ११

## पब्लिकवर्क्स तथा संचारविभागको सूचना

सरकारिया अड्डाखानाको का. स. हुलाकले बुझी दर्ता गरी चलाउनेमा नयाँ खडा भएका अड्डाहरू पनि धेरैजसो हुँदा हुलाकका कर्मचारीले सो बुझी दर्ता-गरी जिल्ला चलाउँदा पूर्वको पश्चिम, पश्चिमको दक्षिण चलेर गई फिर्ता आई पछि मात्र यो नामको यस ठाउँमा होला भनी अन्दाजले जिल्लाका हुलाकका कर्मचारी-हरूले चलाइदिंदा टायममा काम हुन नपाई सुस्ती हुन गई सरकारी अड्डाखानाले पनि हुलाकको दृष्टि नपुगेको भन्ने भान पर्न जाने भई अबलाई यस्तो हुन नपाउने गरी मुख्य चलाउने अड्डाखानाले नै भरमगदूर डिलेभरी गर्ने हुलाकसमेत सो चिट्ठीको खाम बाहिर लेखिदिने, हुलाक खोल्न नसके जिल्ला, मौजा, गाउँ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1486

इलाका नम्बरमध्ये १ एउटा सम्म का. स. को खामबाहिर लेखिदिएपछि मात्र हुलाकले सो दर्ता गरी बुझी भरपाई दिनेछन् ।

भवानीराज
डेपुटी सेक्रेटरी,
पब्लिक वर्कस् तथा संचारविभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।